म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९ बुधबार २३ साउन २०८१ ते. सं. ११४४ गुँलाथ्व 7 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मकवानपुरका ४७ जनामा डेंगु पुष्टि

हेटौंडा, २२ साउन/मकवानपुरमा ४७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा थप ३ जनामा डेंगु संक्रमण पुष्टि भएसँगै कूल संख्या ४७ पुगेको हो ।

यो तथ्यांक साउन १ गतेदेखि साउन २२ गते मंगलबार दिउँसोसम्मको भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार, डेंगु संक्रमण पुष्टि हुनेमा १७ जना महिला र ३० जना पुरुष रहेका छन् । यो अवधिमा जिल्लाको हेटौंडा उपमहानगरपालिकामा ११ पुरुष र २६ महिला गरी ३७ जना, मकवानपुरगढी गाउँपालिकामा २ पुरुष र २ महिला गरी ४ जना, मनहरी गाउँपालिकामा २ पुरुष, बकैया गाउँपालिकामा एक पुरुष र एक महिला गरी २ जना र अन्य जिल्लाका एक महिलामा डेंगु संक्रमण पुष्टि भएको हो ।

'हाईकमाण्ड' सँगको परामर्शमा बागमती प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/नेपाली कांग्रेस र एमालेको सत्तासमिकरणबाट प्रदेश सरकार गठन भएपछि 'हाईकमाण्डको ग्रिन सिग्नल' का लागि प्रदेश सरकारको टोली नै काठमाडौं पुगेको छ ।

बागमती प्रदेश सरक्रारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले बाहेकका मन्त्रीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग सामूहिक भेटघाट गरी परामर्श गरेका हुन् । सत्तासमिकरण दरिलो र भरपर्दो बनाउनका लागि प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको नेतृत्वको टोलीले प्रधानमन्त्री ओलीसँग आगामी दिनमा कसरी अगाडि जाने ? भन्ने विषयमा छलफल गरेको हो ।

प्रदेशको वस्तुस्थिति, राजनीतिक अवस्था र सरकारको काम कारबाहीका विषयमा प्रदेशको तर्फबाट प्रधानमन्त्री ओलीले ब्रिफिङ लिएका थिए । प्रधानमन्त्री ओलीले प्रदेश सरकारले २ वर्षभित्र सक्ने खालका योजना मात्र कार्यान्वयनमा ल्याउन निर्देशन दिएका छन् । संघीयतालाई मजबुत बनाउनका लागि प्रदेश सरकारको टिम नै आवश्यक परामर्शका लागि एकैसाथ काठमाडौं पुगेको बताइएको छ ।

एमाले र कांग्रेसका नेता तथा मन्त्रीहरुसहितको टिमसँगको भेटमा प्रधानमन्त्री ओलीले समन्वय र सहकार्यमा काम गर्न निर्देशन दिएका छन् । प्रम ओलीले प्रादेशिक तहमा हुने राजनीतिक नियुक्ति, जिम्मेवारी बाँटफाँडलगायत विषयमा छलफलका माध्यमबाट सहमति गर्न र आपसमा सहकार्य गर्न निर्देशन दिएको प्रदेशका खानेपानी ऊर्जा तथा सिंचाइमन्त्री श्यामबहादुर खड्काले जानकारी दिए ।

मन्त्री खड्काका अनुसार सन्तुलितरुपमा राज्यका निकायको वितरण र उपभोगमा सचेत हुन आग्रह गर्दै प्रधानमन्त्री ओलीले आपसमा मतभेद हुने किसिमका गतिविधिमा नलाग्न निर्देशन दिएका थिए । विकास बजेट खर्च, योजना छुनोटमा गम्भीर भएर काम गर्न प्रधानमन्त्री ओलीले निर्देशन दिए ।

विषेश गरी २ वर्षसम्ममा सक्ने प्रकृतिको योजना कार्यान्वयनमा लैजान प्रधानमन्त्री ओलीको जोड थियो । पछिल्लो राजनीतिक सम्झौताअनुसारको सरकार निर्माणमा आफूले पाएको समयसीमा भन्दा एकसाता अघि नै राजीनामा दिएर गठबन्धनमा इमानदार रहने प्रम ओलीले बताएका थिए ।

कांग्रेस बागमती प्रदेशका मुख्यसचेतक गोविन्द लम्सालले सुशासन र नागरिकको अपेक्षाअनुसारको विकासमा जोड दिन प्रधानमन्त्री ओलीले निर्देशन दिएको जानकारी दिए । समस्याको घडीमा संघीय सरकारले प्रदेश सरकारलाई आवश्यक सहयोग गर्ने प्रधानमन्त्री ओलीको प्रतिबद्धता थियो ।

प्रधानमन्त्री ओलीले काम निर्धारित समयमै पुरा गर्न र अधुरा कामलाई प्राथमिकताका साथ अघि बढाउन प्रदेश सरकारको टोलीलाई निर्देशन दिएका छन् । संघीयताको सशक्त पिल्लर प्रदेश सरकार भएकाले त्यसलाई बलियो बनाउने भूमिका प्रदेश सरकारको नै हुने प्रधानमन्त्री ओलीको भनाई थियो ।

संघीय सरकारबाट प्रत्यायोजन हुने अधिकारका विषयमा कानुनी र प्रक्रियागतरुपमा प्रदेशलाई प्राप्त हुनेमा निश्चिन्त रहन प्रधानमन्त्री ओलीले आश्वासन दिएको मुख्यसचेतक लम्सालले बताए । प्रधानमन्त्री ओलीले संविधान कार्यान्वयन र संघीयताको सवालमा निश्चिन्त रहन आग्रह गरेको मुख्यसचेतक लम्सालले बताए ।

भेटमा बागमती प्रदेशका मुख्यमन्त्री लामासहित मुख्यसचेतक लम्साल, एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङ सहभागी थिए ।

त्यसैगरी, स्वास्थ्यमन्त्री किरण थापा, श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जन, सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, खानेपानी, ऊर्जा तथा सिंचाईमन्त्री श्याम खड्का, युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, विना विभागीयमन्त्री मदुकुमार श्रेष्ठ सहभागी थिए ।

अस्थायी आवास बनाउन ५० हजार पाउने

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/सरकारले प्राकृतिक विपदमा घर गुमाएकाहरुलाई अस्थायी आवास बनाउन ५० हजार रुपैयाँ दिने निर्णय गरेको छ । विपद् व्यवस्थापन कार्यकारी समितिको सोमबारको बैठकले बाढी, पहिरो र आगलागीमा घर गुमाएकाहरुलाई अस्थायी आवास बनाउन ५० हजार रुपैयाँ दिने निर्णय गरेको हो ।

यसअघि भूकम्पबाट घर गुमाएकालाई मात्र अस्थायी आवासका लागि राहत रकम दिने निर्णय सरकारले गरेको थियो । तर, सोमबारको कार्यकारी समितिको बैठकले बाढी, पहिरो र आगलागीबाट घर गुमाएकाहरुलाई पनि अस्थायी आवास बनाउन ५० हजार रुपैयाँ दिने कार्यविधि स्वीकृत गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए ।

विपद व्यवस्थापन कार्यकारी समितिको २१ वैशाख २०८१ मा बसेको २२ औं कार्यकारी समितिको बैठकले विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८१ अर्थ मन्त्रालयको सहमति प्राप्त गरी स्वीकृत गर्ने निर्णय गरेको थियो । तर, अर्थ मन्त्रालयबाट राय प्राप्त नहुँदा त्यो स्वीकृत हुन सकेको थिएन । हाले मात्र अर्थले सहमति दिएपछि सोमबारको कार्यकारी समितिको बैठकले बाढी, पहिरो र आगलागीमा घर गुमाएकाहरुलाई दुई किस्तामा ५० हजार रुपैयाँ दिने निर्णय गरेको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले जानकारी दिए ।

CLASSIC TECH
'आफ्नो घर, 'आफ्नै नेट
125Mbps
रू
३०३/-
प्रति महिना
INCLUDING
5Ghz Wi-Fi 6 Router
Smart STB
IPTV
+200 HD Premium Channels
रू ७५०/-
रू २५०/-
प्रति महिना
जडान खर्च रू ३/- मात्र ।
9801004477 / 9802922304
www.classic.com.np

बकैया खोलामा आठवटा पुल निर्माणाधीन

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्राक) सडक आयोजनाअन्तर्गत मकवानपुरदेखि बारासम्म बकैया खोलामा आठवटा पुल निर्माण हुँदैछ ।

दुईवटा पुल प्याकेज ३ अन्तर्गत निर्माण भइरहेका छन् । हाल आठवटै पुल निर्माण भइरहेका छन् । निर्माणाधीन सबै पुल आगामी दुईवर्षमा सम्पन्न हुने आयोजनाले जनाएको छ । ललितपुरको खोकनाबाट बारावो निजगढसम्मको द्रुतमार्ग ७० दशमवल नौ सय ७७ किलोमिटर लामो छ । सडकमा विभिन्न स्थानमा १२ दशमलव आठ सय ८५ किमि लम्बाइका ८९ पुल निर्माण हुनेछन् ।

द्रुतमार्ग आगामी २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ प्योकजमा विभाजन गरी निर्माण गरिएको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनका चरणमा छन् । बाँकी चारवटा पुल खोकना क्षेत्रमा छन् । खोकनाक्षेत्रमा जग्गा अधिग्रहण सम्बन्धी समस्याका कारण निर्माणमा ढिलाइ भइरहेको छ ।

खोलाले बगाएर मनहरीका एक वृद्धको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/मकवानपुरको पश्चिमीक्षेत्रस्थित राप्ती खोलाले बगाएर एकजना वृद्धको मृत्यु भएको छ । मनहरी गाउँपालिका-५ बसन्तपुरका ६३ वर्षीय शेरबहादुर घलानको खोलाले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ ।

मनहरी-९ खरंगास्थित छोरीज्वाईको घर जान्छु भनी शुक्रबार बेलुका घरबाट हिंडेका घलानको शव मनहरी-९ खरंगास्थित राप्ती खोलाको ढुंगाको चेपमा सोमबार बेलुका फेला परेको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरीनिरीक्षक दीपक थापाले बताए ।

'घरबाट छोरीज्वाईंको घर हिंडेका घलान छोरीज्वाईंकोमा नपुगेपछि खोजतलास गर्ने क्रममा राप्ती खोलाको ढुंगाको चेपमा मृतअवस्थामा फेलापरेको हो,' उनले भने, 'छोरीज्वाईंको घर जानेक्रममा राप्ती खोला तर्न लाग्दा बगाएको हुनुपर्छ ।,' छोरीज्वाईंको घर जान राप्ती खोला तर्नुपर्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यॉस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यॉस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोर्स अगाडि)
सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५९२७०५७

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना
ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
७० %
बैंकिङ सुविधा
सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

साझाकुरा

हाम्रो कुरा

फास्ट ट्र्याकको सुरुङमा सफलता

राज्यको उच्चप्राथमिकतामा परेको परियोजनाका रुपमा रहेको काठमाडौं-निजगढ फास्ट ट्र्याकको सुरुङ खन्ने काममा सफलता मिल्दै गएको छ । २०६४ ताका आधादर्जन मन्त्रीहरु हेलिकोप्टर चढेर मकवानपुरको बुधुने आएर सिलान्यास गरेको काठमाडौं-निजगढ फास्ट ट्र्याक त्यसयता पनि तीनपटक सिलान्यास भइसकेको छ । सरकारमा पुग्नेबित्तिकै सिलान्यास गर्न हतारो हुने अवस्था एकातिर थियो भने काठमाडौं-निजगढ फास्ट ट्र्याकको जस लिने होड अर्कोतिर थियो । निकै तामझामसहित सिलान्यास गर्ने तर, काम अगाडि नबढाउने समस्या पुरानै हो । ढिलै भएपनि पछिल्ला वर्षमा काठमाडौं-निजगढ फास्ट ट्र्याक निर्माण कार्यले तीब्रता पाएको छ । आगामी ३ वर्षमा काठमाडौं-निजगढ फास्ट ट्र्याकमा गाडी गुड्ने सम्भावना बढेको छ । मकवानपुरको बकैया गाउँपालिकामा पर्ने काठमाडौं-तराई द्रुतमार्ग (फाष्ट ट्र्याक)को धेद्रे सुरुङ दुवैतर्फ 'ब्रेक थ्रु' भएको छ । सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले विस्फोटकपदार्थको स्वीच थिचेर 'ब्रेक थ्रु' गरेका हुन् । धेद्रेको ब्रेक थ्रु भएसँगै पोलिछड्दादा निर्माण कम्पनीले ठेक्का लिएको प्याकेज नम्बर दुईका सबै सुरुङ वारपार छेडिएको छ ।

यसअघि बकैया गाउँपालिकामै पर्ने लेनडाँडाका दुबै सुरुङको गत जेठमै ब्रेक थ्रु भइसकेको थियो । बाँकी रहेको काठमाडौं-निजगढतर्फको धेद्रे सुरुङ पनि सोमबार छेडिएको हो । पछिल्लो वर्षमा नेपालको जलविद्युत, सडक, सिंचाई जस्ता विकास आयोजनाको सुरुङ निर्माण गर्ने कार्यले तीब्रता पाएको छ । भेरी-बबै डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सनको सुरुङ खन्ने काम भने अत्याधुनिक प्रबिधियुक्त टनेल बोरिङ मेशिन 'टीबीएम' प्रयोग गरिएको थियो । तर, नौबिसे-नागढुँगा सुरुङ र द्रुतमार्गका सुरुङ खन्ने काम भने टीबीएम प्रयोग भएका छैनन् । द्रुतमार्गको धेद्रे सुरुङ ब्रेक थ्रु कार्यक्रममा प्रधानमन्त्रीको साथमा अर्थमन्त्री विष्णु पौडेलसहित मन्त्रीहरु, प्रधानसेनापति प्रभुराम शर्मा, चिनियाँ र कोरियन राजदूतहरु सहभागी थिए । ७० दशमलव ९ सय ७७ किलोमिटर लामो द्रुतमार्गमा कुल १० दशमलव ३ सय ९ किलोमिटर सुरुङमार्ग रहेको छ । यसमध्ये धद्रे सुरुङ १ हजार ६ सय ९१ मिटर लामो छ । यस आयोजनामा ६ स्थानमा सुरुङ बन्दैछ । महादेवटारमा काठमाडौं छिर्ने र काठमाडौंबाट निजगढ जाने २ वटा सुरुङ खनिँदैछ । काठमाडौबाट निजगढततर्फ आउने सुरुङ ३ हजार ३ सय ८६ मिटरमध्ये २ हजार २ सय ८८ मिटर खनेर सकिएको छ । त्यस्तै निजगढबाट काठमाडौंतर्फ आउने सुरुङको ३ हजार ३ सय २२ मिटरमध्ये २ हजार २९ मिटर खनिएको छ । नेपाली सेनाका प्रवक्ता एवम् सहायकरथी गौरवकुमार केसीका अनुसार ६ सुरुङमध्ये ३ वटाको ठेक्का लागेर काम भइरहेको छ ।

जसमध्ये सबैभन्दा लामो ३ हजार ३ सय ५५ मिटर लामो सुरुङ महादेवडाँडामा बन्दैछ । जसको ६५ प्रतिशत काम सम्पन्न भइसकेको छ । द्रुतमार्गको तीनवटा मुख्य सुरुङ मकवानपुर जिल्लामै पर्दछ । द्रुतमार्ग आयोजनाको समष्टिगत प्रगति भने ३५ दशमलव ३८ प्रतिशत पुगेको सेनाले जानकारी दिएको छ । २१ बैशाख २०७४ को मन्त्रीपरिषद् निर्णयअनुसार काठमाडौं-तराई द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाइ दिएको हो । जसलाई सेनाले विभिन्न प्याकेजमा ठेक्का लगाएर काम गरिरहेको छ । अहिले ६ दशमलव ५ किलोमिटरदेखि ७० दशमलव ९ सय ७७ किलोमिटर सड्क खण्डमा काम भइरहेको छ । तर, सुरुवाती बिन्दुबाट ६ दशमलव ५ किलोमिटर खण्डमा भने विवादका कारण काम सुरु हुन नसकेको सेनाले जनाएको छ । ललितपुरको खोकनाबाट बाराको निजगढ निस्कने गरी द्रुतमार्ग बन्दैछ । जसको अधिकांश भूभाग मकवानपुरमा पर्दछ । त्यस्तै ८९ पुलमध्ये ८५ वटाको ठेक्का व्यवस्थापन भएर काम भइरहेको छ । बाँकी ४ वटा पुल खोकना खण्डमा पर्ने भएकाले ठेक्का हुन सकेको छैन । अहिलेसम्म ठेक्का भएकामध्ये ५ वटा पुलको निर्माण सकिसकेको छ । विगतमा जुन रफ्तारमा विकास हुनुपर्ने त्यो नभएको र अब विकासको नमूना द्रुतमार्गले देखाउने गरी सरकारले काम गरिरहेको प्रम ओलीको भनाई छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५४०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२५५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २४ गते बिहीबार ८ अगष्ट २०२४ । चतुर्थी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:४६ ।

आजको राशिफल

मेष	: मनोकांक्षा सिद्धि हुनेछ	तुला	: वस्त्र-भोजन प्राप्त हुनेछ
वृष	: गरेको कार्यमा सफलता मिल्नेछ	वृश्चिक	: योजना कार्यान्वयन हुनेछ
मिथुन	: नयाँ कार्ययोजना बन्नेछ	धनु	: व्यापार राम्रो चल्नेछ
कर्कट	: आकस्मिक लाभ हुनेछ	मकर	: मीठो खाने अवसर मिल्नेछ
सिंह	: राम्रो अवसर गुम्नेछ	कुम्भ	: घर परिवारमा मेलमिलाप हुनेछ
कन्या	: खर्च र दुःख बढ्नेछ	मीन	: मनमा शङ्का बढ्नेछ

हवाई यातायातमा दुर्घटना र उपचारको खोजी

✍ शिशिल चित्रकार

नेपालमा बेला-बेलामा भइरहने हवाई दुर्घटनाको नियति पुनः गत श्रावण ९ गते त्रिभुवन विमानस्थलमा दोहोरियो । यस घटनामा १८ जनाको निधन भयो । पटक-पटक भइरहेको दुर्घटनाको न्यूनीकरणका लागि आफ्नो कार्यसम्पादनद्वारा सुरक्षित एवं स्तरीय सेवा प्रदान गर्नु सबै सम्बद्ध पक्षको दायित्व भएकोमा शायद कसैको विमति नहोला ।

विभिन्न सेवा प्रदान गर्न थरी-थरीका ऐन-नियमको व्यवस्था भएझैं हवाई यातायात सञ्चालनतर्फ पनि गैरसैनिक हवाई उडान ऐन २०१५, आवश्यक नियमावली, विभिन्न संगठनसम्बन्धी ऐन, नियमावलीहरुको संयोजनबाट विमानस्थल, वायुसेवाहरुले सेवा सञ्चालन गरि रहेका छन् । हवाई यातायात सेवा आफैंमा विशेष प्रकार, प्रवृत्ति, विविध सेवाहरुको संयोजनबाट परिचालित हुने भएबाट आफैंमा थप चुनौतीपूर्ण, रहस्यमय तथा आकर्षक सेवा भएकोमा समेत शंका छैन ।

यसरी बहुसेवा, विविध जनशक्तिद्वारा प्रदान हुने सेवामा कार्यरत संघ, संगठन, उपलब्ध जनशक्तिको कार्य प्रणाली, सूचनाको अप्रभावकारिता र अपूर्णताको साथै कार्यप्रवाहमा शृङ्खलाबद्ध कमजोरी भएमा आकस्मिक दुर्घटनाको विकल्प हुँदैनन । यसै गरी उपलब्ध भएका नियम आदिहरुको कार्यान्वयन नभइरहेको अवस्था पनि थप चुनौती र खतराजन्य क्रियाकलापको लागि मलजल नै भएको मान्न सकिन्छ । कार्यमा मतमतान्तर, नियमहरुको फरक व्याख्या आदि पनि सेवाप्रवाहको गुणस्तरियतामा ह्रास आउनुको कारक तत्व नै हुन् ।

एउटै संगठनको संगठनात्मक अपूर्णता (संगठनात्मक र कार्यात्मक) तथा अन्य संगठनसँगको कार्य सहजीकरणको भूमिका (व्यक्तिगत इच्छा-आकांक्षामा अभिप्रेरित नभई सेवात्मक लक्ष्यप्रति समर्पित), सेवाप्रवाहको उत्पादकत्व (परिणाम) आदि तत्वहरुको समीक्षा पनि उपलब्ध ऐन-नियमको आधारमा हुनुपर्ने आजको टड्कारो आवश्यकता भएको देखिन्छ ।

मिति २०८१ ।४ ।९ मा सौर्य एयर लाइन्सको हवाई दुर्घटनासम्बन्धी विभिन्न अङ्कल, कुराकानी, छलफल गर्नुभन्दा गठित आयोगले यावत् क्षेत्रको गहन विश्लेषणसहित प्रतिवेदन प्रकाशन गरोस्, जसबाट भविष्यका लागि एउटा सबल मार्गदर्शन होस् । प्राविधिक जाँचको प्रतिवेदन फौजदारी अभियाजनको प्रयोजनार्थ प्रयोग त हुँदैन, खालि थप दुर्घटना नहुने उपायको पहिचानमा केन्द्रित हुने प्रतिवेदन हो । यसको पनि आफ्नै महत्व भएको इन्कार गर्न सकिँदैन । अझ यो दुर्घटनामा वायुसेवा सञ्चालकका कैयौं उच्च पदस्थ कर्मचारी, जिम्मेवार पदमा आसीन भएका महानुभावहरुको दुःखद निधनको पक्ष त छँदै छ । तर यसले कार्य प्रणालीमा जिम्मेवारी, आवश्यकता, कार्य प्रक्रियाको अपूर्णता वा कमजोरी पनि केही हदमा दर्शाएको मान्न सकिन्छ कि सकिँदैन ? गैरसैनिक हवाई उडान ऐनको प्रस्तावनामा उल्लेख भएबमोजिम 'हवाई यातायातबाट राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी सिभिल एभिएसनको विकासलाई प्रोत्साहन हुने परिस्थिति सिर्जना गर्न सिभिल एभिएसनलाई नियन्त्रित र व्यवस्थित गरी शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा कायम राख्न वाञ्छनीय' भएको मर्म हवाई यातायात सञ्चालन, व्यवस्थापनमा संलग्न सबै निकायको मूल मन्त्र हुनुपर्नेमा शंका छैन ।

दुर्घटना मानवीय कारणले भएको हो वा यान्त्रिक कारणले, यसमा घटी-बढी, प्रत्यक्ष-अप्रत्यक्ष विभिन्न व्यक्ति, समूह, संगठनहरुको भूमिका पनि रहन्छ नै । कार्य प्रणालीमा भएको दोष, मानवीय र यान्त्रिक त्रुटि नै भए पनि यी सबैको मूल कारण संगठनको (विभिन्न संगठन, एउटालाई दोष दिएर पन्छिन सकिँदैन) त्रुटि तथा त्रुटिपूर्ण संगठन र अपूरो कार्य प्रणालीतर्फ पनि विशेष अध्ययन (सबै निकायका एकीकृत) हुन पनि अब शायद ढिला गर्न हुँदैन ।

सुरक्षित र भरपर्दो विमानस्थल सञ्चालनका लागि विमानस्थलमा सबै संयन्त्रहरुको क्षमता, कार्य प्रणालीमा परिवर्तन तथा अपूरो र अधुरो कार्यहरुको पहिचान गरी सक्षम व्यवस्थापनको नितान्त आवश्यता छ । एउटा निकायको अपूर्णता र अक्षमताले अन्य निकायलाई पनि असर गर्ने भएको र यस्तै गल्ती नै गल्तीहरुको श्रृङ्खलाबद्ध क्रम नै दुर्घटनाको कारण हुन्छ । यसको रोकथामका लागि विमानस्थल सञ्चालक, वायु सेवा, विमानस्थलमा कार्यरत विभिन्न निकायहरुको अन्तरसम्बन्ध, कार्यविधि, सुरक्षित हवाई यातायात सञ्चालनमा आ–आफ्नो निकायको भूमिकाबारे थप समन्वय तथा अनुगमनको दायरा बढाउन बेरुलै संयन्त्रको समेतको जरुरी देखिएका छ । यसमा स्वार्थ बाझिने, दोहोरो भूमिकाको तथ्यबाट विमुख हुने गरी स्वतन्त्ररुपमा कार्य गर्ने विभिन्न निकायको जरुरी भएको आभास हुन्छ ।

एउटा निकायको पनि आफ्नो लक्ष्य उद्देश्यभन्दा फरक कार्य भइरहेको वा नभइरहेको, आवश्यक संयन्त्रको पहिचानदेखि संगठन संरचनागतका कुराहरु पनि अध्ययनको विषय देखिन्छ । आखिरमा कुनै दुर्घटनाको कारण प्राविधिक होस् वा मानवीय नै किन नहोस्, त्यो सबैको आधार त संगठन नै भएकोमा दुईमत छैन । संगठन (हवाई यातायातका कुनै पनि) को कमी कमजोरी पत्ता लगाई निर्देशन मात्र दिनु पनि पर्याप्त छैन, निर्देशन पनि आफैंमा झन् गलत र अपूरो कार्य बढाउने कारक पनि हुन सक्छ ।

यस अर्थमा सबै निकायहरुको आ-आफ्नो कार्यक्षेत्रको स्वविश्लेषणसहित परिवर्तन र क्षमता अभिवृद्धिसहित अधुरो र अपूरोपन हटाउन दत्तचित हुन आजको सेवाको स्तरीयताको लागि अपरिहार्य आवश्यकता भएको छ । अझ यसमा एक निकायको सर्वोच्चता सिद्ध गर्ने, अर्को निकायको स्वतन्त्र कार्यमा समेत हस्तक्षेप हुने वा भइरहेको वा नभइरहेको परिवेशसमेत अध्ययनको विषय हुने देखिन्छ । वस्तुतः कुनै पनि दुर्घटनामा संगठनको गल्ती र मानवीय प्रवृत्तिको पनि त गहन भूमिका नै हुन्छ । दुर्घटना अग्रिम सूचना दिएर आउने होइन, सबैको केही न केही भूमिका हुन्छ भन्ने भनाइ पनि एकातिर छ भने दुर्घटना भइसकेपछि एक-आपसी कमजोरी देखाउने, एक-आपसी आरोप-प्रत्यारोप गर्ने समय पनि यो होइन ।

समयसाक्षेप परिवर्तन अनिवार्यता हो भने यसको लागि पनि विमानस्थल निर्माण, सुव्यवस्थित र स्तरीय सञ्चालनको लागि पनि संगठन संरचना, कर्मचारीहरुको सक्षमता र पर्याप्तता (सबै निकायको), नियमावली आदिमा व्यापक छलफल तथा अध्ययन गरी बन्चरोरुपी घार लगाउन आवश्यक देखिएको छ । साथै विमानस्थल संचालनहेतु विभिन्न निकायका कर्मचारीहरुबाट आ-आफ्नो ऐन-नियमबमोजिम कार्यान्वयन पक्षमा जोडबल तथा अनपेक्षित सुधारका प्रक्रियामा सरोकारको अपेक्षा गर्न सकिन्छ । विमानस्थलमा र हवाई यातायात सेवाप्रदायक सबै निकायहरुमा आधिकारिक र सम्बद्ध सेवाका जनशक्ति भए/नभएको, उचित र आवश्यक तालिम पाए/नपाएको आदि विवेचनाको अतिरिक्त सबै निकायको पूर्णताविना तथा आवश्यक सेवा नै अपूरो र अपर्याप्त भएमा हवाई यातायात खतरजन्य अवस्थामा भइरहेको भन्न शायद द्विविधा नहोला ।

जाँचबुझ आयोगका कार्यसीमा, यसको प्रतिवेदनबाट थप सुधारको अपेक्षा गर्न सकिन्छ । यसमा पर्याप्ततालको सवाल र अझ फराकिलो विषयवस्तु समेटिन सबनुपर्ने आवश्यकता महसुस हुन्छ । गैरसैनिक हवाई उडान ऐनमा भएका अपराधहरु मुलुकी फौजदारी कार्यविधि (संहिता ऐन) २०७४ समेत आकर्षित भएको अवस्थाबारे जन-सचेतना, कार्य प्रणालीमा व्यापक सुधार तथा व्यवहारमा उतारी, समयसाक्षेप परिवर्तनमुखी हवाई यातायात सेवाको माध्यमबाट जनधनको सुरक्षाको प्रत्याभूतिसहितको सेवा नै आजको वस्तुपरक माग हुन सक्छ ।

अझ यसमा पुनः विशेष स्मरणीय छ संगठनात्मक परिवर्तन, कार्यको विस्तृत खोजी, क्षमता अभिवृद्धिका उपायहरुको समेत ठोस पहिचान नै परुकोको पहिलो खुड्किलो हुन सक्छ । आज देश समाजको यावत् क्षेत्रमा सेवाप्रदायकको स्तरीयता, क्षमतामा गहन प्रश्न उठेको छ । सेवारत कर्मचारीहरुमा कार्यप्रतिको गैरजिम्मेवारीपना, सजगतामा कमी-कमजोरी हुनुको विभिन्न कारण हुन सक्छन् । वस्तुतः आज नियामक निकायको कमी-कमजोरीबारे विभिन्न सञ्चारमाध्यमहरुमा पढ्न, सुन्न पाइरहेको अवस्था हो । यहा' बिर्सन नहुने तथ्य नियामक निकायको अनुगमन आदि त समयाबधिक हुनेदेखि आफ्नै पनि कमी-कमजोरी तथा सीमा होला । यस हिसाबले नियामक निकायको स्तर भन्दा सेवाप्रदायक निकायहरुको स्तरीयता, परि पूर्ण र सक्षम सेवा (सबै निकायहरुको) तथा सेवाको स्तरमा अभिवृद्धि नै आजको मूल माग हुन आवश्यक देखिन्छ । हवाई यातायात र अन्य यातायात क्षेत्रमा संलग्न सबै निकायहरु अझ जन-धनको क्षति हुनबाट विशेष चनाखो हुन आवश्यक देखिन्छ ।

सबै प्राणीहरु दण्डदेखि डराउँछन्, सबैलाई जीवनको माया छ । त्यसैले सबै प्राणीलाई आफूसमान ठानी आफूले बेइमान नगर्नु र अरुलाई पनि गर्न नदिनु हाम्रो कर्तव्य हो । सबै सेवाप्रदायक निकायमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी गहन हुन्छ । यस अर्थमा कि सबै प्राणीलाई आफूसमान ठानी कुनै पनि कार्यमा बेइमान नगर्नु र गर्न पनि नदिनु भन्ने मन्त्रणा सबैले ठूलो मार्गदर्शनको रुपमा लिन सकेमा दुर्घटना न्यूनीकरणको उपाय हुन सक्ने विश्वास गर्न सकिन्छ । अन्य सहयोगीमूलक कार्यलाई पनि समेटिने गरी हवाई यातायातको दायरा फराकिलो हुन नितान्त आवश्यक देखिन्छ । अन्त्यमा दिवंगतप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना एवं घाइते क्याप्टेनको शीघ्र स्वास्थ्यलाभको कामना ।

(साभारः नेपाल समाचार-पत्र)

जेन-जी पृथ्वीको जिम्मेवारी लिन तयार छ ?

✍ दिपेश नेपाल

पछिल्लो दोषो जवान पुस्ता जेन-जी अहिले धेरै क्षेत्रको जिम्मेवारी सिक्ने र लिने क्रममा छ । अमेरिकन अनुसन्धान संस्था 'पेउ रिसर्च सेन्टर'का माइकेल डिमोकेल एउटा लेखमा राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रको आधारहरू प्रस्तुत गर्दै सन् १९९७ देखि २०१२ सम्म जन्म लिएका मानिसहरूको समूहलाई जेन-जी भनेका छन् । यसलाई आधार मान्दा यो पुस्ताको उपल्लो उमेर २७ वर्ष पुगिसकेको छ ।

सूचनाप्रविधिको युग हुँदै कृत्रिम बौद्धिकतासम्मको अनुभव गरिसकेको यो पुस्तामा प्रविधिमैत्री, रमाइलो गर्न मन पराउने, अस्थिर रहने जस्ता गुणहरू हुने अध्ययनहरूले बताएका छन् । विश्वको जनसंख्याको करिब २५ प्रतिशत हिस्सा ओगटेको यो पुस्ताका केही अहिले विद्यालय तथा कलेजमा अध्ययनरत छन् भने केहीले आफ्नो क्षेत्र रोजेर क्षेत्रगत जिम्मेवारी लिन सुरु गरि सकेका छन् । अध्ययनहरूले आगामी वर्षसम्ममा विश्वको कार्यक्षेत्रको २७ प्रतिशत हिस्सा जेन-जीले लिने बताइरहँदा, अब यो पुस्ता क्षेत्रगत जिम्मेवारी लिन तयार भइरहेको पुष्टि हुन्छ ।

पछिल्लो समय व्यापक प्रयोग तथा प्रसार भएको सूचना-प्रविधिको विकाससँगै हुर्किएको यो पुस्ताले विकसित स्वास्थ्य सेवा, यातायात सेवा, विज्ञानका नवीन खोज र कृत्रिम बौद्धिकताको लागि अघिल्ला पुस्तालाई धन्यवाद दिंदै त्यसको थप विकास तथा विस्तारमा सघाउन सुरु गरिसकेको छ भने सूचनाप्रविधिलाई आफ्नो जीवनको एक हिस्सा पनि बनाएको छ ।

तर, योसँगै समाजमा बढिरहेको आर्थिक ण्वीकरण, पछिल्लो समय बढिरहेका महामारी र जलवायु परिवर्तनका असरहरू भने यो पुस्ताको उमेरसँगै बढ्दै गहिरहेका छन् । आफूले सक्रिय जीवन बिताउने, कर्मक्षेत्र रोज्ने र भावी पुस्ता हुर्काउने निर्णय गर्ने वेला भएको यो पुस्तासँगै एउटा पेचिलो प्रश्न बहसमा आएको छ, यो पुस्ताको उत्तरार्धतिर पृथ्वी बस्न योग्य र हन्छ ? पछिल्लो समय बढिरहेको विश्वको तापक्रम, पग्लिरहेको बरफ, बढिरहेको समुद्री तह, निरन्तर बढ्दो प्राकृतिक प्रकोपहरू, विभिन्न प्रदूषणहरू र अन्तरदेशीय द्वन्द्व तथा ण्वीकरण जस्ता कारणले गर्दा पृथ्वीको भविष्य माथि प्रश्न उठ्न सुरु भइसकेको छ । अझ डरलाग्दो त एक्काइसौं शताब्दीको अन्यसम्ममा पृथ्वी बस्नयोग्य नहुने वैज्ञानिक आधारहरू सतहमा आएका छन् ।

अमेरिकी पत्रकार डेभिड वालेस-वेल्सले सन् २०१९ मा प्रकाशित गरेको 'द अनइहृयाविटेवल अर्थ' भन्ने पुस्तकमा विश्वको कार्बन उत्सर्जन यही अवस्थामा रहिरहे अबको पुस्ताले बस्नयोग्य ठाउँ एकदमै सीमित रहने तथ्य अघि सारेका छन् । सन् २१०० सम्म विश्वको तापमानको सबैभन्दा अनुकूल (२ प्रतिशतको वृद्धि) र सबैभन्दा प्रतिकूल (८ प्रतिशतको वृद्धि) वृद्धिलाई आधार मानेर लेखिएकोले धेरैले अति निराशावादी पुस्तकको संज्ञा दिएतापनि उनले प्रस्तुत गरेका पुराना तथ्यहरूले अत्यधिक कार्बन उत्सर्जन र यसका सहायक कारणले गर्दा बढेको विश्वको तापमानसँगै आउने संकटहरू धेरै हदसम्म स्वाभाविक र सत्य छन् भन्ने देखाएको छ ।

एउटा अन्तर्वार्तामा उही लेखकले अबको पुस्ताले आफ्नो जीवनको आधा समय प्रकोपको उद्धार गर्न बिताउनुपर्ने बताएका छन् । यस्ता वास्तविक तथ्य सहितका संकटका प्रक्षेपण जेन-जीको जीवनकालकै लागि सबैभन्दा ठूलो चुनौतीहरू हुनेछन् । हुनत पछिल्लो समय विकसित मैरहेको र विकसित हुन्छ भनेर प्रक्षेपण गरिएका प्रविधिहरूले मानिसलाई संकटमा सघाउने र विश्व ध्वस्त नहुने भनेर व्याख्या गरिरहेको एउटा तप्का पनि छन् । स्कटिस तथाङ्कशास्त्री हन्ना रिचिले जलवायु परिवर्तनको असरलाई त्रासदीपूर्ण रूपमा मात्रै व्याख्या गरिएको भन्दै 'नट द इन्ड अफ दि वर्ल्ड' भन्ने पुस्तक प्रकाशन गरिन् । जसमा उनले हामी केही पछाडि फर्किने हो भने पृथ्वी बचाउन सकिने आधारहरू प्रस्तुत गरेकी छन् ।

प्रविधि र मानवताको सहायतामा विश्वलाई बचाउन सकिन्छ भन्ने अध्ययनहरू पनि हामीमाझ छन् । तर, यी दुवै मतभेदको एउटा सार के हो भने पृथ्वी गहिरो संकटमा जाँदैछ र यो संकट मानिसहरूको कारण नै निम्तिदैछ । अबको पुस्तालाई त्यो संकटसँग जुझ्न तयार गर्नु र संकट टार्न अथक् प्रयास गर्नुको अघिल्ला पुस्तासँग विकल्प देखिँदैन । जेन-जी, सूचना र प्रविधिको बीचमा हुर्केको तीक्ष्ण विवेक भएको पुस्ता भनेर व्याख्या गरिए पनि त्यो सबैका लागि सत्य छैन । पछिल्लो समय आन्तरिक र बाह्य युद्धमा होमिएका राष्ट्र सिरिया, लिबिया, यमन, सुडान, इथियोपिया, हाइटी, म्यानमार, रूस, युक्रेन, प्यालेस्टाइन, अफगानिस्तान जस्ता देशका आर्थिक विकास नभएका भनिएका मुलुकका र विकासोन्मुख भनिएका मुलुकका जेन-जीहरू आफ्ना आधार भूत आवश्यकता पूर्ति गर्नका लागि युद्धमा होमिन, शरणार्थी बन्न या बसाइँ सर्न बाध्य छन् । भोलि जलवायुसँगै बढ्ने संकटहरूले सबैभन्दा धेरै प्रताडित हुने समुदाय तथा देशहरू पनि थिनै हून् ।

आफ्नू तथा भविष्यका सन्ततिको अस्तित्वका लागि बसियो आधारभूत शिक्षा र सीप आवश्यक पर्ने यो पुस्ता शरणार्थी बन्नु या बसाइँ सर्नु झनै दुःखद् छ । विश्वव्यापीकरण र सूचनाप्रविधिको कारणले बढेको उपभोक्तावादमा रमाइरहेका युद्ध नभएको विकासशील भनिएको तथा अविकसित भनिएका मुलुकका जेन-जीहरूमा बढिरहेको विकसित भनिएका देशहरूको जस्तो जीवनशैलीको इच्छाले पनि हाम्रा संकटहरूलाई थप बढाएको छ । अन्य विकासशील भनिएका देशहरू जस्तै नेपालका जेन-जीहरू पनि अहिले दैनिक जीवनशैलीको संकमणकालबाट गुज्रिरहेका छन् । त्यसैले नेपालमा आन्तरिक तथा बाह्य बसाईंसराइ तीव्र छ । लेखकसँगै लमजुङ क्याम्पसबाट सन् २०२० मा अध्ययन सम्पन्न गरेका करिब ६५ प्रतिशत कृषि स्नातक अहिले विदेशिइसकेका छन् भने नेपालमा बसेर आकर्षक जागिर गरिरहेकाहरू पनि जाने तरखर गर्दैछन् ।

सन् २०२३ मा मात्रै १ लाख ११ हजार ८०० विद्यार्थीले वैदेशिक अध्ययन अनुमति पत्र लिएको तथ्याङ्क सार्वजनिक भएको छ । नेपालमा प्राथमिक उत्पादनका क्षेत्रहरू जस्तै कृषि, पशुपालन, वन जस्ता प्राविधिक विषय पढेका युवाहरूको विदेशिने क्रम अन्य क्षेत्रको भन्दा उच्च छ । पछिल्लो समय बढेको जलवायु परिवर्तनको संकटसँग जुध्ने प्रविधिहरूको अनुसन्धान तथा प्रसार गर्ने यो जनशक्तिलाई हाम्रो जस्तो देशहरूले भविष्यको लागि आफ्नो भूगोलको जिम्मेवारी लिने वातावरण बनाउन सकेको छैन । पर्यावरणको बारेमा धेरै कलम चलाउने लेखक जीवन क्षेत्रीको अघिल्लो वर्ष एउटा पुस्तक प्रकाशनमा आयो 'नुन तेल-विगततिर पदयात्रा' । उक्त पुस्तकमा लेखकले पछिल्ला बसाईंसराइहरूले मानिसलाई प्रकृतिबाट टाढा पुऱ्याइरहेको भाव व्यक्त गरेका छन् । हाम्रो सामाजिक मनोविज्ञान र विकासको दृष्टिकोण प्रकृतिबाट टाढिइरहेको कुरातिर लेखकले बारम्बार इंगित गरेका छन् ।

लेखकले गण्डक क्षेत्रको चर्चा गरेतापनि यो हाम्रो जस्तो देशहरूको प्रतिनिधि अवस्था हो । अहिले हाम्रो जस्ता देशहरूका जेन-जीहरू देशको बिग्रँदो राजनैतिक वातावरण, बिग्रँदो आर्थिक अवस्था, गुणस्तरीय शिक्षाको कमि जस्ता कारणहरू देखाएर देशले आफूहरूलाई नअटाएको बताउँदै विदेशिइरहेका छन् । जसले गर्दा उनीहरूसँग नेपालको भूगोल, प्राकृतिक स्रोत व्यवस्थापन, उत्पादनको सामान्य ज्ञानको समेत कमि छ ।

योसँगै पुराना पुस्तासँगको प्रकृति र पर्यावरण संरक्षण तथा पर्यावरणमैत्री उत्पादन प्रणालीको ज्ञानलाई हाम्रो शैक्षिक प्रणालीले बेकामे, परम्परागत, निर्वाहमुखी जस्ता नाम दिएको छ । जसका कारण न त पुराना पुस्तालाई यस्तो शिक्षा नयाँ पुस्तालाई आवश्यक छ भन्ने महसुस भएको छ न नयाँ पुस्तालाई यस्तो शिक्षा तथा सीप लिने रहर, चाख या फुर्सद नै छ । वास्तवमा, हाम्रो पुस्तालाई हस्तान्तरण हुने पृथ्वी चुनौतीले घेरिएको छ । खनिज इन्धनको अत्यधिक दोहन भएको छ । जैविक विविधताको ह्रास हुने दर प्राकृतिक दर भन्दा एक हजार गुणाले बढेको छ । हरेक वर्ष तापक्रमहरूले रेकर्ड तोडेका छन् । प्रत्येक वर्ष ७५० अर्ब टन हिउँ पग्लिरहेको छ र यो दर बढ्दो छ । समुद्री सतहहरू बढिरहेका छन् । जंगलमा आगो लाग्ने क्रम बढिरहेको छ ।

अत्यधिक पानी पर्ने र खडेरी हुने क्रम बढ्दो छ । पानीका स्रोतहरूमा रसायन र विषादीको मिसावट अत्यधिक छ । आर्थिक ण्वीकरण बढिरहेको छ भने गरिबी र खान नपाउने जनसंख्या पनि उल्लेखनीय छ । स्रोतहरूमा असमान पहुँच र विस्तारवादी चिन्तनले विश्वलाई खण्डीकृत बनाइरहेको छ । योभन्दा डरलाग्दो संकट हामीले खाने खाद्यान्न र त्यो उत्पादन हुने माटोमा देखिएको छ । युनेस्कोले प्रेस विज्ञप्ति निकाल्दै अहिलेसम्म ७५ प्रतिशत जमिन मरुभूमिकरण भइसकेको र यही क्रम जारी रहे सन् २०५० सम्म पृथ्वीको ९० प्रतिशत जमिन खेती गर्न अयोग्य हुने बताएको छ । माटोको निर्जीवीकरण र उत्पादकत्व ह्रासका डरलाग्दा तथ्यांक सार्वजनिक भइरहेका छन् ।

कृषि जैविक विविधताको व्यापक ह्रास भएको छ । ७० प्रतिशत मानिसको खाना र ५० प्रतिशत जमिन धान, गहुँ र मकैले ओगटेको छ । जमिनमा बढिरहेको अम्लीयपन, प्राइरिक पदार्थको कमि, सूक्ष्म जीवाणुहरूको ह्रास जस्ता कारणले केही समयपछि जलवायु परिवर्तनले बढाएका प्रकोपसँगै विकसित, विकासशील र अविकसित भनिएका देशहरूमा साझा र ठूलो समस्याको रूपमा खाद्य संकट देखापर्नेछ । नयाँ पुस्तासँग देशको बेथिति, राजनैतिक अवस्था, आर्थिक अवस्था, अस्तव्यस्त जीवनशैलीबाट भारुने बाटोहरू टन्नै भए पनि स्वस्थ खानेकुराको विश्वव्यापी अभावबाट भारुने विकल्प देखिँदैन । दोस्रो नयाँ पुस्ता अर्थात् जेन-जी अहिले विचार, विकास, आवश्यकता र गतिविधि चारै क्षेत्रको संक्रमणकालमा गुज्रिरहेको छ । पृथ्वी बचाउन प्रविधि र प्रकृति दुवै बुझ्नुपर्नेछ, ऊ प्रविधिको मात्रै उपभोग गर्न

घाटामा जनकपुरको रेल, कार्गो सेवा सुरु गर्ने प्रस्ताव अलपत्र

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओली पछिल्ला दिनमा रेलका मुद्दामा पनि केन्द्रित भएर बोलिरहेका छन् । १५ साउनमा मन्त्री र सचिवहरूलाई निर्देशन दिंदै उनले भंगाह (बिजलपुरा) बाट जनकपुर हुंदै जयनगर पुग्ने रेलमार्गका २ वटा रेलहरु थप्पूर्ने बताएका थिए । आइतबार सडक विभागले गरेको कार्यक्रममा पनि उनले त्यही कुरा दोहोऱ्याए ।

भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहाल, सचिव केशवकुमार शर्मासहित कर्मचारी/इञ्जिनियरलाई ओलिले भनेका छन्, 'अब हामी रेल यातायातमा जानुपर्छ । यात्रु चाप धेरै भएकाले जनकपुरको रेलमार्गमा दुई वटा रेल थप्नुपर्छ र रेलमार्गलाई बर्दिबासमम्म ल्याउनुपर्छ ।'

विगतमा ओली प्रधानमन्त्री भएकै बेला भारत सरकारले रेलमार्ग पुनर्निर्माण गरेर हस्तान्तरण गरेपछि भारतबाट रेल किनेर ल्याइएको थियो । विगतमा बेजोडसँग रेलको सपना देखाएकाले प्रधानमन्त्री ओलीले जनकपुरको रेल र रेलमार्गका मुद्दालाई आफ्नो प्रतिष्ठाको विषय बनाउने गरेका छन् ।

प्रधानमन्त्री बेनिपछि ओलिले तुरुन्तै जनकपुरमा चल्ने रेल (गाडी) थप्ने कुरा गरिरहँदा त्यहाँको रेल र सञ्चालक नेपाल रेल्वे कम्पनीको आफ्नै व्यथा छन् । यो रेल अहिले घाटामा चलिरहेको छ भने यसको सञ्चालन भारतीय कम्पनी कोंकण रेल्वे कर्पोरेसन लिमिटेड (केआर सीएल) मा धेरै निर्भर छ ।

प्रधानमन्त्रीले भनेजस्तै रेलमार्गमा यात्रु अभाव हैन, यात्रुको संख्या रेलको क्षमताभन्दा बढी छ । तर पनि यात्रुबाट उठाउने भाडाले यसको सञ्चालन खर्च धान्न नसकेर सञ्चालक नेपाल रेल्वे कम्पनी ऋणमा चलिरहेको छ ।

रेलमार्ग बोडगेजबाट विस्तार गरेपछि १९ चैत २०७८देखि सञ्चालनमा आएका दुई वटा रेलहरु अहिले घाटामा चलिरहेका छन् । सरकारले १ अर्ब ३ करोड रुपैयाँमा खरिद गरेर असोज २०७७मा ल्याएका

डिजेल रेलहरु डेढ वर्षपछि मात्रै नियमित सेवा दिने गरी चल्न थालेका थिए । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाका अनुसार अहिले वर्षमा करिब १५ करोड घाटामा चलिरहेको छ । रेलमार्ग सञ्चालनका लागि भारत सरकारबाट प्राविधिक जनशक्ति व्यवस्थापन र विभिन्न सेवा खरिद गरेका कारण रेलमार्गको खर्च बढेको छ । 'हामीले सम्झौताअनुसार भारतीय कम्पनीसँग सबै सेवा लिएका छैनौं, आर्थिक अवस्थालाई हेरेर अत्यावश्यक खर्च मात्रै गर्दैछौं,' महाप्रबन्धक झाले भने, 'वर्षमा २-३ करोड खर्च घटाइरहे पनि अझै नाफामा जाने अवस्था छैन ।'

सरकारसँगको सम्झौताका आधारमा भारतीय कम्पनीले वर्षमा ४८ करोडसम्म भुक्तानी पाउनसक्छ । तर, सबै सेवा नलिएकाले खर्च केही घटेको छ । नेपालसँग भारतीय कम्पनीले रेलको पाइलटको लागि ३ लाखसम्म पारिश्रमिक लाग्ने देखाएर सम्झौता भएको छ । जबकी पाइलटले वास्तवमा त्यति धेरै पारिश्रमिक नपाएको यसअघि नै खुलेको थियो । रेल्वे कम्पनीले आफैंले रेल सञ्चालन गर्न सकिने भन्दै पेश गरेको प्रतिवेदनमा भारतीय कम्पनीलाई दिने गरिएको खर्च ८ करोडसम्म झार्न सकिने उल्लेख छ ।

क्षमताभन्दा बढी यात्रु, उठ्दैन खर्च

यो रेल अहिले बिहान महोत्तरीको भंगाहबाट छुट्छ र ५२ किलोमिटरको यात्रा तय गर्दै भार तको जयनगर पुग्छ । दिनमा ३ पटक जयनगर-जनकपुर (२९.६ किलोमिटर) रुटमा आउ-जाउ गर्छ । अन्तिमपटक साँझ रेल फेरि भांगाहमै आएर रोकिन्छ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाका अनुसार अधिकांश समयमा रेलमा यात्रुको भिडभाड हुन्छ । अझ भार तमा सार्वजनिक बिदा हुने दिन आइतबार र जयनगरमा हाट लाग्ने दिन बुधबार यात्रुको चाप अत्यधिक हुन्छ । नेपालमा बिदा भएका दिनमा पनि यात्रु संख्या धेरै हुने गरेको उनको भनाइ छ । 'वर्षाको साउन, भदौ र जाडोयामको पुस महिनामा यात्रु कम हुन्छन्,' उनले भने, 'अस बेलामा १ हजार जनासम्म यात्रु बोक्ने रेलमा टिकट काटेर चढ्न चढ्न मुस्किल हुन्छ । कोचिएरै यात्रा गर्नुपर्छ ।'

दुई वटा रेल भए पनि पालैपालो मर्मत सम्भार गर्नु पर्दा एकैपटक दुईतर्फबाट रेल छुटाउन नसकिएको झा बताउँछन् । 'कम्तीमा एउटा र सकेसम्म दुई वटा यात्रु रेल चाहिन्छ भनेर एक वर्ष अघि नै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पत्र पठाएका छौं,' उनले भने, 'आर्थिक कारणले हामी आफैं रेल किन्न सक्ने अवस्थामा छैनौं ।'

यो रेलमार्गमा ७० रुपैयाँ भाडा कायम भएको भन्दै उनले यसले सञ्चालन खर्च नधान्ने बताए । 'भारतीय जनशक्तिलाई हटाएर भारत सरकारसँग लिइरहेका सेवाहरु कम गर्नसके धेरै लागत घट्छ,' उनले भने । अहिले यी रेलहरु चलाउन महँगो पारिश्रमिकमा पाइलट, स्टेसन मास्टर, ट्रयाक इन्जिनियर लगयतका पदमा २० जना भारतीय जनशक्ति ल्याइएको छ । उनीहरूलाई विदा गर्ने र नेपाली जनशक्ति नै लगाउने गरी रेल्वे कम्पनीले लोक सेवा आयोगलाई भदौमा नै परीक्षा सञ्चालन गरिदिन भन्दै पात्राचार गरेको थियो ।

तर, लोक सेवाले आगामी कात्तिकका लागि परीक्षा लिने गरी क्यालेन्डर सार्वजनिक गरेको छ । कम्पनीले यो परीक्षाको पाठ्यक्रम समेत तयार यरेर स्वीकृत गराइसकेको छ । कम्पनीले अहिले भारतसँग लिइरहेका सेवा घटाउने गरी भंगाहमा वासिङ पिट निर्माण गरिरहेको छ । रेलहरुको धुलाइ र सफाइको काम दैनिक रुपमा गर्दा भारतमै महँगो मूल्य तिर्नुपरेपछि रेल विभागले नेपालमै वासिङ पिट निर्माण थालेको थियो ।

अहिले सो संरचना निर्माणको अन्तिम चरणमा छ । यो पिटमा रेलको सफाइ सुरु भएपछि भारतीय कम्पनीलाई बुझाउने ठूलो रकम जोगिने छ । यस्तै रेलमा तेल हाल्न आफ्नै फ्युलिङ स्टेसन निर्माणको काम समेत रेल्वे कम्पनीले गरिरहेको महाप्रबन्धक झाले बताए ।

कार्गोले धान्नसक्छ प्राण

रेल सेवाको घाटा पूर्ति गर्न उपायहरुको खोजी भइरहेको छ । कम्पनीलाई नाफामा लैजान यो रेल्वे रुटमा नेपालले आफ्नै कार्गो रेल चलाउनुपर्ने निष्कर्ष कम्पनी छ । 'यहाँ कार्गो रेल चलाउन सकिने सम्भावना छ, सम्भाव्यता अध्ययन भइसकेको छ, यहाँ व्यापारीहरूले पनि यो सेवा माग गरिरहेका छन्,' महाप्रबन्धक झा भन्छन्, 'एउटा कार्गो रेल चलायौं भने कोइला, मल जस्ता बल्क कार्गोबाट आउने मालसामान स्थानीय क्षेत्रमा सोझै आइपुग्छ ।'

भारतमा पनि यात्रुबाहक रेलबाट भएको घाटा कार्गो रेलको सञ्चालनबाट पूर्ति भइरहेको भन्दै उनले नेपालको रेलमार्गलाई दिगो रुपमा चलाउन जनकपुरमा कार्गो रेल किनेर सञ्चालन गर्नुपर्ने बताए । 'यत पुस्मा नै हामीले मन्त्रालयलाई कार्गो रेल चलाउने प्रस्ताव पठाएका थियौं, अहिले मोडालिटीमा छुलफल भइरहेको छ,' उनले भने, 'यो विषयमा नेपालस्थित भारतीय दूतावास पनि सकारात्मक छ ।'

रेल सेवाको स्तरोन्नती र विस्तारप्रति वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सकारात्मक र हेक्ले भविष्यमा जनकपुरको रेललाई नाफामा लैजान र नेपाली जनशक्ति र प्रविधिबाटै रेल सेवा सञ्चालन गर्न सकिने विश्वास रेल्वे कम्पनीको छ । 'प्रधानमन्त्रीज्यूले यहाँ २ वटा रेल थप्नुपर्ने कुरा गरिरहनु भएको छ,' उनले भने, 'यो आवश्यक र महत्वपूर्ण कुरा हो, यसरी रेल थप्न सके सेवाको गुणस्तर सुधिर यात्रु वर्गले सहज ढंगले यात्रा गर्ने सुविधा र लाभ पाउँछन् ।'

(स्रोत: अनलाइनखबर)

'नम्बरी सुन'मा कमेडीदेखि एक्सनसम्म गरेका गौरव

काठमाडौं/अभिनेता गौरव पहारीले आफ्नो फिल्मी करिअरको एक दशकमा विभिन्न चरित्र निभाएका छन् । कुनैमा 'लभर ब्वाई' बने त कुनैमा राष्ट्रवादी चरित्र निर्वाह गरे । यही साउन २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'नम्बरी सुन'मा भने उनले कमेडीदेखि एक्सनसम्म गरेका छन् । यसैले काम गर्न पनि चुनौती भएको उनको अनुभव छ । एउटै पात्रमा दर्शकले फरक फ्लेवर पाउने उनको दाबी छ ।

'म एउटै पात्रले कमेडी, रोमान्स, ड्रामा, एक्सन सबै क्यारेक्टर गरेको छु । फिल्मपिच्छे फरक चरित्र निभाउँदै आइरहेको मैले एउटै फिल्ममा धेरै जनरालाई एकसाथ अंगाल्दा चुनौती पनि थियो । एउटै पात्रमा सबै चरित्रहरु देखिनुपर्ने भएकाले नै फिल्ममा काम गर्न सहमत भएको थिएँ,' उनी भन्छन् । फिल्ममा गौरवको अभिनेतृ नम्रता सापकोटासँग प्रेम देखाएको छ । तर, दुवैको जात मिल्दैन ।

'मैले तल्लो वर्गको प्रतिनिधित्व गरेको छु । जसको मुखियाकी छोरीसँग माया बसेको हुन्छ । फिल्ममा मेरो बुवाले सुन बनाउने काम गर्नुहुन्छ,' आफ्नो चरित्रबारे गौरव अगाडि भन्छन्, 'मेरो चरित्र सहयोगी किसिमको छ । गाउँमा साधीहरुसँग हल्लिएर हिँड्ने चरित्र हो । तर, गाउँमा कसैलाई सहयोग चाहियो भने ऊ अगाडि सरिहाल्छ । त्यसको परिणाम कस्तो आउँछ भन्ने चाहिँ उसले सोच्दैन ।'

फिल्ममा राजेन्द्र खड्सिँग गौरवको द्वन्द्वको दृश्य पनि छ । त्यो खिच्ने बेला भने उनी निकै 'नर्भस' भएका रहेछन् । उनी सम्झन्छन्, 'राजेन्द्र अंकलसँग मेरो 'वान एण्ड वान' एक्सन दृश्य छ । त्यो अलि लामो थियो । मैले एक्सन गर्ने बेलामा राजेन्द्र अंकलको टाउको छुनु पर्ने थियो । तर, मैले झ्याम्मै बजाइदिएछु । तर, उहाँले छोड्नु भएको थिएन । म आफैं नर्भस भएर 'क्यामरा कट' भनेर रोकें ।'

गौरव आफ्नो जीवनमा 'नम्बरी सुन' सम्झिइरहने फिल्ममा पर्ने दाबी गर्छन् । अब उनलाई 'नेगेटिभ क्यारेक्टर' गर्न मन छ । तर, त्यो चरित्र देखासाथ 'भिलेन' जस्तो नदेखियोस् भन्ने उनी चाहन्छन् ।

'देख्ने बित्तिकै भिलेन होइन, बानी व्यवहारले भिलेन जस्तो । उसको परिचय नै भिलेन होइन तर काम गर्दै जाँदा 'भिलेन पो रहेछ' भन्ने किसिमको आभास दर्शकमा होस्,' गौरवले आफ्नो इच्छा सुनाए ।

सुरक्षा भन्छिन्, 'मलाई 'स्टार' होइन, चन्द्रमा हुनुछ'

काठमाडौं/अभिनयमा पारंगत मानिन्छिन्, सुरक्षा पन्त । 'स्टेरियोटाइप' हुनबाट धेरै हदसम्म जोगिएकी उनले लगभग हरेक फिल्ममा आफूलाई फरक चरित्रमा ढालेकी छन् । 'आमा'मा छोरी र बुहारीको भूमिका होस् वा 'बुलाकी'मा कर्णालीको दुःखी जीवन बाँचेको पात्र, उनले जुनसुकै भूमिकामा आफूलाई खरो र दह्रो रुपमा उतारेकी छन् । त्यसैले उनको चर्चा अक्सर अभिनयलाई नै लिएर हुने गरेको छ ।

नेपाल कुनै कलाकारको एउटा फिल्म हिट हुँदा वा अभिनयको प्रशंसा हुँदा 'स्टार'को उपाधि दिने चलन बनेको छ । तर, सुरक्षालाई भने 'स्टार' बन्नु छैन । उनी चन्द्रमा बन्न चाहिन्छिन् । सोमबार एक कार्यक्रममा पत्रकारको प्रश्नमा उनले भनिन्, 'मलाई चन्द्रमा हुनुछ । स्टार बन्नु छैन । चन्द्रमाले सबैलाई प्रकाश दिन्छ । समुन्द्रमा पनि आँधी ल्याउन सक्छ । स्टार त धेरै छ । म चन्द्रमा हुन चाहन्छु ।'

तर, उनी उपाधिलाई बाई प्रोडक्ट (गौण चीज) मात्र मान्छिन् । यद्यपि, आफू 'स्टार'को बाटोमा भए पनि त्यो जिम्मेवारीलाई निभाउने उनको प्रण छ । भन्छिन्, 'प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मेरो यात्रा त्यतातिर लाग्दैछ भने पनि त्यो जिम्मेवारीलाई शतप्रतिशत निभाउने प्रयास गर्छु । ममा त्यति निष्ठा चाहिँ छ ।' तर, 'स्टार' भएपछि सधैं चम्किने मात्र नभइ भूईंमा खस्नु पनि पर्छ भन्नेमा उनी स्पष्ट छिन् ।

सुरक्षा 'बुलाकी'मार्फत् एकपटक फेरि पर्दामा देखिने तयारीमा छिन् । त्यसो त यो फिल्म अघिल्लो वर्ष नै रिलिज भएको थियो । तर, दुई दिनमै निर्माताले हलबाट फिल्म उतारेका थिए । अब यही साउन ३२ गतेबाट फिल्म पुनः प्रदर्शन हुँदैछ । फिल्ममा कर्णालीको जीवन र त्यहाँको रीतिथितिलाई देखाइएको छ । 'डिजिटल वर्ल्ड'मा यस्ता कथा बेला बखतमा आइरहनुपर्छ भन्ने सुरक्षालाई लाग्छ ।

अभिनेत्रीहरुले 'बुलाकी'ले उठाएको जस्तो पृथक कथामा पनि उपस्थिति जनाउनुपर्ने उनी बताउँछिन् । 'हामीले बेला बखतमा यस्तो विषयमा आफ्नो उपस्थिति जनाउनुपर्छ । फिल्म गर्दा नायिकाको हिसाबले केही जिम्मेवारी र दायित्व रहन्छ,' उनी भन्छिन्, 'मलाई 'एक्सप्लोर' गर्न मन लागेको क्यारेक्टर हो 'बुलाकी' । आफैंमा चुनौतीपूर्ण क्यारेक्टर हो । यो मेरो लागि 'प्लस प्वाइन्ट' प्रोजेक्ट हो ।'

काभ वुमन्स नेसन्स लिगः

फेरिएको रणनीतिले इरानसँग मिठो बदला

काठमाडौं/काभा वुमन्स नेसन्स भलिबल लिगमा आइतबार जित नजिक पुगेर इरानसँग ३-२ को सेटमा पराजित मात्र भएण, शीर्ष स्थानमा रहने अवसर गुमायो ।

शनिबार भारतलाई पहिलो पटक हराएको नेपालले इरानलाई पनि जित्न सकेको भए फाइनल प्रवेशका लागि चौथो स्थानको श्रीलंकासँग खेल्दा पुग्यो । दशरथ रंगशालास्थित भलिबल कभर्ड हलमा शनिबार भएको खेलमा नेपाल १६-२५, २५-१६, २३-२५, २५-१५ र १५-१३ ले पराजित हुन पुग्यो ।

अनि मंगलबार त्यहीं इरानसँग सेमिफाइनल खेल्नुपर्ने भयो । दुई दिनअघि मात्र हराएको टोलीसँग खेल्नुपर्दा नेपाल दबावमा थियो । तर नेपालले इरानलाई इरानलाई ३-० को सोझो सेटमा हरायो, अनि फाइनलमा भारतसँग भेट पक्का गऱ्यो ।

कभर्डहलमा भएको खेलमा नेपालले इरानलाई २५-२१, २८-२६ र २५-२० ले हरायो । इरानको खेल अध्ययन गरेर आउँदा सहज भएको कप्तान अरुणा शाही बताउँछिन् ।

लिगमा इरानले नेपाललाई हराउँदा डिफेन्स र मानसिक खेल खेलेको थियो । तर मंगलबार नेपालले आफ्नो रणनीति परिवर्तन गऱ्यो । उसले मानसिक खेल खेल्यो । पहिलो खेलमा जस्तो शक्तिशाली स्पाइकको सट्टा स्लो र प्लेसमेन्टबाट अंक बटुल्यो ।

पहिलो सेटको सुरुवातमा ५-१ ले पछि परेको नेपाल टाइम आउट लिँदै खेलमा फर्किएको थियो । ५ अंकमा इरानसँग बराबरी गरेको नेपाल त्यसपछि अगाडि लाग्यो र सहज रुपमा २५-२१ ले पहिलो सेटमा जित हात पाऱ्यो ।

उपाधि भिडन्त भारतसँग

दोस्रो सेटमा पनि नेपाल १३-७ को अवस्थामा थियो । तर पछि इरानले उत्कृष्ट पुनरागमन गर्दै १९-१९ को बराबरी गऱ्यो । इरान एक समय त २४-२१ को अवस्थामा थियो । इरानलाई दोस्रो सेट जित्न जम्मा १ प्वाइन्ट चाहिएको थियो ।

तर उषा भण्डारीले उत्कृष्ट स्पाइकमा लगातार तीन अंक जोडेपछि खेल २४-२४ को बराबरी भएको थियो । २६-२५ को अवस्थाबाट निरुता ठगुन्नाले लगातार तीन अंक जोड्दै नेपाललाई यादगार २८-२६ को जित दिलाएकी थिइन् ।

तेस्रो सेटमा ६ अंकसम्म हाराहारी थियो । तर इरानले चार अंकको अग्रता लिएपछि १२-८ को अवस्थामा पुग्यो । इरान १४ अंकमा पुग्दा नेपालले बराबरी गऱ्यो । इरानका खेलाडीको गल्तीमा नेपालले अग्रता लियो । त्यसपछि १७ बराबरीबाट पछि छाड्दै २५-२० को सहज जित हात पारेको थियो ।

नेपालले तीनवटै सेटमा पछाडि परेको अवस्थाबाट उत्कृष्ट पुनरागमन गर्दै नजिता आफ्नो पक्षमा पारेको थियो । त्यसमा नेपालको मनोबल, फेरिदो रणनीति मुख्य कारण हुन् । साथै इरानले बारम्बार गरेको गल्तीले पनि नेपाललाई लाभ भयो ।

पहिलो सेटमा १२, दोस्रोमा ११ र तेस्रोमा ४ प्वाइन्ट नेपालले इरानको गल्तीबाट पाएको थियो । यसले पनि जित निकाल्न सहज भयो । नेपालका लागि स्पाइकर उषा भण्डारीले सर्वाधिक १६, निरुता ठगुन्ना १४, सफिया पुन र सरस्वती चौधरीले ७-७ प्वाइन्ट जोडेका थिए ।

'हामी डोमिनेट गरेर खेल्नुपर्छ भन्ने मानसिकताका साथ आएका थियौं । त्यसले पनि हामीलाई सहयोग गऱ्यो', खेलपछि कप्तान अरुणा शाहीले भनिन्, 'हामी पछाडि परेको अवस्थामा पनि त्यही आत्मविश्वासका साथ खेलेका थियौं । २४-२१ को अवस्थामा पुगिसकेको दोस्रो जित्नुको कारण यही हो ।'

अन्तिम समयमा पनि बल प्रयोग गर्ने पक्षमा थिइन् शेख हसिना

काठमाडौं/धेरैले सोचेका थिएनन् कि १५ वर्षदेखि शक्तिमा रहेकी प्रधानमन्त्री शेख हसिना यसरी देश छाडेर जानेछिन् । बंगलादेशमा उनलाई धेरैले 'आइरन लेडी'को उपमा समेत दिएका थिए । बंगलादेशको इतिहासमा कोही पनि सत्ताच्युत भएपछि यसरी देश छाडेर जान बाध्य भएको थिएन । तर, शेख हसिना र उनकी बहिनी शेख रेहाना सोमबार हजारौं सहभागी प्रदर्शनका कारण देश छाड्न बाध्य भए ।

यस्तो परिस्थिति सिर्जना हुनुअघि आइतबार राति र सोमबार बिहान ढाकामा नाटकीय घटनाक्रमहरु भएका थिए । आन्दोलनकारी, अवामी लिगका नेता, कार्यकर्ता र प्रहरीबीच आइतबार ठार्ठे-आउँमा झडप हुँदा कम्तीमा १०० जना मारिएका थिए । कतिपय प्रहरीलेसमेत ज्यान गुमाए ।

आइतबार अपराह्न अवामी लिगका केही वरिष्ठ नेता र सल्लाहकारहरुले हसिनालाई स्थिति नियन्त्रण बाहिर गएको जानकारी गराएका थिए । उनीहरुले प्रदर्शनकारीको प्रतिरोधका कारण अवामी लिगका कतिपय नेताहरुले विभिन्न स्थानमा पछि हटनु परेको रिपोर्टिङ गरेका थिए । तर, हसिना परिस्थितिलाई स्वीकार्ने पक्षमा थिइनन् । उनलाई बल प्रयोगबाटै स्थितिलाई नियन्त्रणमा ल्याउन सकिन्छ भन्ने लागेको थियो । उच्च सुरक्षा अधिकृतहरुले उनलाई परिस्थिति नियन्त्रणमा लिन नसकिने अवस्थामा पुगिसकेको स्पष्ट जनाउ दिइसकेका थिए ।

त्यसपछि उनी मानसिक रुपमा राजीनामा दिने तयारीमा पुगिन् । प्रधानमन्त्री हसिनाका छोरा सजिब वाजेदले बीबीसीसँग कुरा गर्दै हसिनाले आइतबारदेखि राजीनामा दिनेबारे सोचेको बताएका थिए । नाम उल्लेख नगर्ने सर्तमा एक जना उच्च सैनिक अधिकृतले बीबीसी बंगला सेवालाई बताएअनुसार, हसिनाले राजीनामा दिएको र हेलिकप्टर चढेको विषय सुरुमा सीमित विशेष सुरक्षा फौज, सैनिक मुख्यालयका उच्च अधिकृतलाई मात्र जानकारी थियो । यो सबै काम एकदमै गोप्य तरिकाले गरिएको थियो ।

सैनिक स्रोतका अनुसार, हसिनाले गणभवन सोमबार बिहान ११ बजे नै छाडिसकेकी थिइन् । त्यहाँबाट हेलिकप्टरमा उनी भारतको त्रिपुरा गएकी थिइन् । यसको झण्डै डेढ घण्टापछि मात्र हसिनाले राजीनामा दिएको र देश छाडेको विषय सार्वजनिक भएको थियो ।

उनी त्रिपुराबाट इण्डियन एयर फोर्सको विशेष विमानमा दिल्ली गएकी थिइन् । बीबीसी बंगालले सरकारी अधिकारीहरुसँग गरेको कुराकानीबाट हसिनाले अन्तिममा पनि दुई विकल्प खुला राख्न चाहेको देखिन्छ । एउटा, उनी देश छाड्ने तयारी गरिरहेकी थिइन् भने अर्को अन्तिम समयसम्म पनि बल प्रयोग गरेर शक्तिमा बसिरहन चाहन्थिन् ।

तर, सैनिक अधिकारीहरुले थप क्षति चाहेनन् । आइतबार कतिपय स्थानमा आन्दोलनकारी, आमनागरिक र सैनिक फिल्डमा छुमिल भएक थिए । आन्दोलनकारीले सेनालाई फूल दिएको विवरण पनि बाहिर आएको थियो । परिस्थितिको विश्लेषणपछि उच्च सैनिक अधिकृतहरुले स्थिति सत्ताको नियन्त्रण बाहिर पुगेको निष्कर्ष निकालेका थिए ।

आइतबार बिहानसम्ममा प्रधानमन्त्रीको सरकारी निवास गणभवन पुग्ने सबै सडकमा प्रहरी र सेना तैनाथ भइसकेका थिए । सैनिक अधिकृतहरुका अनुसार, हसिना सजिलै सुरक्षित रुपमा निस्किन सकुन् भनेर यो व्यवस्था गरिएको थियो । अर्कोतर्फ बिहान ९ बजेतिर डेढ घण्टाका लागि देशभर इन्टरनेट सेवा बन्द गरिएको थियो । *(बीबीसी)*

बेलायतले भिसा नदिएपछि 'सन अफ सरदार २' बाट बाहिरिए सञ्जय दत्त

काठमाडौं/कहिलेकाहीं विगतले पनि मान्छेलाई नराम्रोसँग पछ्याउँछ । यो कुरा बलिउड अभिनेता सञ्जय दत्तलाई राम्रोसँग थाहा छ । अतीतको एक घटनाकै कारण दत्तले फिल्म 'सन अफ सरदार २' गुमाउनुपरेको छ ।

दत्त बाहिरिएपछि अभिनेता रवि किशन फिल्ममा अनुबन्धित भएका छन् । मिड-डेका अनुसार गत महिना बेलायतले अभिनेता दत्तको प्रवेशाज्ञा (भिसा) अस्वीकार गरिदिएपछि फिल्मको कास्टिङमा परिवर्तन गर्नुपरेको हो ।

यो कारण उनी बेलायत उड्न नसक्ने भएपछि निर्माताले सन् २०१२ को दोस्रो सिक्वेलको कास्ट बदलेका हुन् । फिल्ममा सञ्जयले खलनायकको चरित्र निर्वाह गर्ने तयारीमा थिए । फिल्मको शीर्ष भूमिकामा अजय देवगण र मृणाल ठाकुर तय छन् ।

विगतमा सञ्जयको कारावास सजायको कारण स्कटल्याण्डमा छाथांकन हुने भनिएको फिल्मका लागि आवश्यक भिसा दिन बेलायतले अस्वीकार गरेको समाचारमा उल्लेख छ । स्रोतका अनुसार यसअघि पनि कैयौंपटक दत्तको बेलायतको भिसा अस्वीकृत भएको जनाइएको छ ।

बेलायतको भिसाको कारण सञ्जयको आगामी फिल्म 'हाउसफुल ५' को छाथांकन तालिका पनि प्रभावित हुने निश्चित जस्तै छ, किनभने सेप्टेम्बरदेखि बेलायतमा यसको छाथांकन तय छ । यही कारण निर्माता साजिद नाडियावालाले सञ्जयको भागको छाथांकन मुम्बईमा हुने जनाएका छन् ।

अप्रिल १९९३ मा अभिनेता दत्तलाई टाडा (टीएडीए) र हतियार ऐन अन्तर्गत हिरासतमा राखिएको थियो । सन् १९९३ मा मुम्बईमा भएको बम विस्फोटको घटनामा संलग्न अन्य व्यक्तिबाट प्राप्त अवैध हतियार लिएर हतियार ऐन उल्लंघनमा उनी दोषी ठहरिएका थिए । उनलाई पाँच वर्षको जेल सजाय तोकिएको थियो ।

सर्वोच्च अदालतले मार्च २०१३ मा उनलाई पाँच वर्षको सजाय सुनायो । सन् २०१३ मा थुपै जमानत अवधिपछि उनले पूर्ण अवधि कैद सजाय पुरा गरे र सन् २०१६ मा रिलिज भए ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा आँखा अस्पताललाई सांसद सिंहको १० लाख

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ मकवानपुर क्षेत्र नम्बर-१ का प्रतिनिधि सभा सदस्य तथा प्रतिनिधिसभा पूर्वाधार विकास समिति सभापति दीपकबहादुर सिंहले हेटौंडा सामुदायिक आँखा अस्पताललाई १० लाख रुपैयाँ सहयोग गरेका छन् ।

सांसद सिंहले आफ्नो एक वर्षको तलबमा केही व्यक्तिगत रकम थप गरी हेटौंडामा रहेको सामुदायिक आँखा अस्पताललाई मंगलबार आयोजित एक कार्यक्रममा हस्तान्तरण गरेका हुन् । निर्वाचनको समयमा आफू निर्वाचित भए सरकार प्राप्त गर्ने सेवासुविधा समुदायको हितमा खर्च गर्ने घोषणा गरेअनुसार सिंहले एक वर्षको तलब बापत ६ लाख १२ हजार र त्यसमा ३ लाख ८७ हजार थप गरी ९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ आँखा अस्पताललाई हस्तान्तरण गरेका हुन् ।

पूर्वाधार विकास समिति सभापति सिंहले नेपालका चर्चित तथा सफल नेत्रविशेषज्ञ तथा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौंका कार्यकारी निर्देशक डा. सन्दुक रुइतलाई हस्तान्तरण गर्दै जनतासँग गरेको वाचा पूरा गर्न पाँउदा निकै खुशी लागेको बताए । जनताले आफूलाई सम्मान दिएर निर्वाचित गराएको बताउँदै सिंहले आफू पनि जिल्लाको विकास र समृद्धिको लागि सधैं लागिपर्ने बताए ।

उनले आगामी दिनहरुमा पनि आफूले प्रतिष्ठान र जनताको लागि सहयोग प्रदान गर्दै जैजाने नीति रहेको उल्लेख गरे । उनले समाजमा अत्यन्तै विपन्न, सीमान्तकृत आदिवासी जनजाति, दलितको स्वास्थ्यउपचार गर्ने कार्यमा चिकित्सकहरुले मानवीयताको भावना राखेर छिटो छरितो उपचारसेवालाई प्रभावकारी बनाइदिन आग्रह गरे । यस्तै, प्रतिष्ठानका कार्यकारी निर्देशक डा.रुइतले देशको सातै प्रदेशका विपन्न, सीमान्तकृत समुदायका सर्वसाधारण नागरिकको आँखाको शल्यक्रिया र उपचार सेवाको लागि उज्यालोको नयाँ जीवन प्रदान गर्न यो रकमको सदुपयोग गर्ने बताए ।

साथै उनले हेटौंडा उपमहानगरपालिका-३, बसामाडीमा निर्माणाधीन आँखाको लेन्स उत्पादन गर्ने उद्योगको लागि पनि यो रकम प्रयोग गर्ने बताए । यसैगरी, कार्यक्रममा हेटौंडा सामुदायिक आँखा अस्पतालका निर्देशक डा. सुनिल थकालीले अहिले दैनिक ३०० देखि ४०० बिरामी उपचार सेवाको लागि आउने गरेको जानकारी दिए । डा. थकालीले ती बिरामीको आँखापरीक्षण गरिएलगतै आँखामा मोतिबिन्दुको रोग देखापरेका बिरामीलाई तत्कालै आँखाको अप्रेशन गरेर नयाँ जीवन दिने गरेको बताए । अब लेन्सको उत्पादनबाट सर्वसाधारण नागरिकलाई सुपथ मूल्यमा लेन्स प्रदान गर्न सकिने उनको भनाई छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालका संरक्षक सिद्धिलाल श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा राप्रपा मकवानपुरका प्रवक्ता आयुष डोटेलले मकवानपुरे सांसद सिंहले निर्वाचनमा गरेको वाचा पुरा गरेको बताए । कार्यक्रममा हेटौंडा उपमहानगरका पूर्वनगरप्रमुख हरिबोल महत, शाहीकालका नगरप्रमुख मधु अधिकारी, राप्रपाका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

कान्तिलोकपथमा हलुका सवारीसाधन सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने कान्तिलोकपथ सडकखण्डमा गएको पहिरो पन्छाई हलुका सवारीसाधन संचालनमा ल्याइएको छ ।

यो सडकखण्ड अन्तर गत पर्ने ललितपुरको भट्टेडाँडा, बागमती गाउँपालिका-२ पाङ्दुरे र छबेलीमा सोमबार आएको वर्षाको कारणबाट पहिरो जाँदा यातायात अवरुद्ध भएको थियो । यो सडकका बिभिन्न स्थानमा एगको पहिरो पन्छाई मंगलबार अपराह्नबाट हलुका सवारीसाधन सञ्चालनमा ल्याएको इलाका प्रहरी कार्यालय भट्टेडाँडाले जानकारी दिएको छ ।

यसैगरी, कान्तिलोकपथ अन्तरगत रहेको मकवानपुरको भीमफेदी गाउँपालिका-८, महादेवटार स्थित सडकमा गएको पहिरो पन्छाएर गएरातिबाट पुनः हलुका सवारी साधन सञ्चालनमा ल्याइएको मकवानपुरका प्रहरीनिरीक्षक ओम पण्डितले जानकारी दिए ।

प्रहरिनिरीक्षक पण्डितले कान्तिलोपथ अन्तरगतकै महादेवटारको सडकको तीन स्थानमा गएको ठूलो-ठूलो पहिरोको कारण हेभी सवारी साधन सञ्चालनमा ल्याउन कठिनाई भइरहेको बताए । उनले यो सडकखण्डमा दुबैतर्फी सवारीसाधन र हेभी सवारीसाधन संचालन गर्न अझै केही समय लाग्ने बताए । हेटौंडाबाट काठमाडौंतर्फ दैनिक त्रिभुवन राजपथ, हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी, फाखेल र मातातीर्थको सडकमा यातायात सञ्चालन भइरहेको प्रहरीनिरीक्षक पण्डितले बताए ।

त्रिवेणीधामामा नागपूजा र नवग्रह पूजाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ हेटौंडा उपमहानगरपालिका-९, स्थित कुष्माण्डसरोवर त्रिवेणीधाममा यसवर्ष पनि नागपूजाका साथै (कालसर्प दोष निवारण) नवग्रहपूजा गरिने भएको छ ।

अघिल्ला वर्षहरुमा जस्तै यसवर्ष पनि श्रावण २५ गते नागपञ्चमिको अवसरमा नागपूजाका साथै (कालसर्प दोष निवारण) नवग्रहपूजा गरिने भएको छ । ज्योतिषहरुका अनुसार कालसर्प योग भएको व्यक्तिले प्रशस्त मौका, अवसर र क्षमता हुँदाहुँदै पनि उल्लेख गर्न योग्य कुनै सफलता प्राप्त गर्न सक्दैनन् ।

अस्तव्यस्त जिन्दगी, निस्तरदायी व्यवहार, दाम्पत्यजीवनमा किचलो, सन्ततीसुखको अभाव, दिमाग र क्षमता हुँदाहुँदै अध्ययन-अध्यापनको क्षेत्रमा कमजोरी आदि यस योगका सामान्य लक्षण हुन् ।

तर, सबै कालसर्प योग खराब हुँदैनन्, २५ प्रतिशत कालसर्प योग असाध्यै राम्रा मानिन्छन्, त्यसैले विज्ञ ज्योतिषको सल्लाह प्राप्त गरी यसको विधिवत् शान्ति गर्नुपर्ने ज्योतिष जीवराज बस्नेल बताउँछन् । यस्तै कुष्माण्डसरोवर त्रिवेणिधाममा श्रावण महिनाभर गरिएको सन्ध्या आरतीमा भक्तजनको उत्साह देखिएको छ । शिव मन्दिरमा जलअर्पण दर्शन र सांझ आरतिमा मकवानपुरसहित चितवन, बारा, पर्सा, गोर्खा, नवलपुरलगायत जिल्लाबाट भक्तजनको सहभागी हुने गरेको कुष्माण्डसरोवर त्रिवेणीधाममा विकास समिति अध्यक्ष इश्वरीप्रसाद न्यौपानेले बताए । श्रावण महिनाभर संचातित आरतिको यही भाद्र ३ गते सोमबारका दिन समापन गरिने छ ।

बागमतीका ६ जिल्ला वर्षाको उच्चजोखिममा, रात्रि बस चलाउन प्रतिबन्ध

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बागमती प्रदेशका ६ जिल्लामा दुई दिन भारी वर्षाको उच्चजोखिम रहेको जनाएको छ ।

बागमतीका ६ जिल्ला सहित देशभरका ३४ जिल्लामा भारी वर्षाको उच्चजोखिम क्षेत्रका सडकमा रात्रि बस नचलाउन प्राधिकरणले सचेत गराएको छ । वर्षाको उच्चजोखिममा बागमती प्रदेशको र सुवा, चितवन, सिन्धुपाल्चोक, धाडिङ, नुवाकोट र दोलखा रहेका छन् । जल तथा मौसम विज्ञान विभागले मंगलबार र बुधबार भारी वर्षा र अतिभारी वर्षा हुने प्रक्षेपण गरेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले रातको समयमा सडक क्षेत्रमा बाढी र पहिराको आंकलन गर्न कठिन हुने भएकाले उच्चजोखिम भएका जिल्लामा रात्रिकालीन बस नचलाउन सचेत गराएको हो । विभागले भारी र अतिभारी वर्षाका कारण कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ३४

जिल्ला उच्चजोखिममा रहने प्रक्षेपण गरेको छ ।

विभागले ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, रसुवा, चितवन, सिन्धुपाल्चोक, धाडिङ, नुवाकोट, दोलखा, म्याग्दी, बाग्लुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासीपूर्व, लमजुङ, गोरखा, कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, प्युठान, अर्घाखाँची, रुकुमपश्चिम, कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडीलाई उच्चजोखिममा राखेको छ ।

प्राधिकरणले विपद्को जोखिममा रहेका नागरिकलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्न, जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गर्न विपद्सम्बन्धी काम गर्ने साझेदार संस्थालाई जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रहन सूचित गराएको छ ।

प्राधिकरणले उच्च जोखिमका जिल्लामा जुनसुकै बेला विपद् आउनसक्ने हुनाले खोज तथा उद्दारका लागि ती जिल्लाका तीनवटै सुरक्षा निकायलाई तयारी अवस्थामा रहने, भारी वर्षाको अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन आग्रह गरेको छ ।

पशुपन्छी तथा मत्स्य निर्देशनालयको समीक्षा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ बागमती प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा गरेको छ ।

निर्देशनालयका प्रमुख डा. गौरीमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न गोष्ठीमा प्रदेशका विभिन्न जिल्लाका पशुसेवा कार्यालयले आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि कृषि तथा पशुपंक्षी विकास मन्त्री प्रकाश श्रेष्ठले ८०-८५ प्रतिशत प्रगति भएको देखिए पनि यसलाई अझै बढाउनुपर्ने बताए । उनले गुणस्तरीय कामका जोड दिनुपर्ने र प्राविधिकमैत्री कार्य गर्नुपर्नेमा जोड दिए ।

मन्त्री श्रेष्ठले महिला समूह र कृषि सहकारीमार्फत कार्यक्रम सञ्चालन गर्न र आम नागरिकको सन्तुष्टि हुनेगरी काम गर्न निर्देशन दिएका छन् । उनले कानुन र नियम बमोजिम काम गर्न, निर्माण भएका संरचनाहरु तुरुन्तै हस्तान्तरण गर्न र प्रदेशबाट स्थानीय तहमा गएको खर्चको कडा नियमन र अनुगमन गर्न सम्बन्धित निकायलाई निर्देशन दिए । उनले राम्रो काम गर्नेलाई प्रोत्साहन गरिने र सबैको साथ र सहयोग रहने बताए ।

गोष्ठीमा मकवानपुर, चितवन, धाडिङ, नुवाकोट, ललितपुर, काभ्रे, दोलखा र सिन्धुलीका पशुसेवा कार्यालयले आफ्नो प्रगति विवरण पेश गरेका थिए । यसैगरी मत्स्य विकास केन्द्र भण्डारा, कुलेखानी, बाखा विकास फार्म चिल्लाङ र पशुसेवा तालिम केन्द्र ललितपुरले पनि आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

आफ्नै रंगशाला बनाउँदै बागमती

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आफ्नै लगानीमा प्यारापिटसहितको फुटबल रंगशाला धमाधम निर्माण गरिरहेको छ ।

४ नम्बर वडास्थित झुरझुरेमा निर्माणाधीन सहिद स्मृति रंगशालाको निर्माणकार्य अन्तिम चरणमा रहेको गाउँपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । पालिकाले गत आर्थिक वर्ष २०८०/८१ को असोज १७ गते ठेक्का आह्वान गरी रंगशाला निर्माणको काम सुरु गरेको थियो । निर्माणाधीन रंगशालामा सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना गर्नेगरी तयारी गरिएको उनको भनाइ छ ।

युवालाई खेलकुदमा जोड्न सरकारले वातावरण तयार गर्नुपर्नेमा जोड दिँदै उनले भौतिक संरचना महत्वपूर्ण भएकाले पालिकाको आफ्नै बजेटमा मिनी रंगशालामा निर्माण गरिरहेको बताए ।

रंगशाला निर्माणका लागि स्थानीय, नेता, कार्यकर्ता, जनप्रतिनिधि, कर्मचारीले श्रमदान गरेका थिए । २२ हजार ९ सय २५ वर्गमिटर क्षेत्रफलमा निर्माणाधीन रंगशालाको खेलमैदानको उत्तर-पश्चिम दिशामा ६२ मिटर लम्बाई र १२ दशमलव ५ मिटर चौडाइको प्यारापिट बन्दैछ । प्यारापिट करिब दुई हजार पाँचसय दर्शक अटाउने क्षमताको छ ।

सबइन्जिनियर काशी रावलका अनुसार रंगशालाको खेलमैदान, एथ्लेटिक्स ट्रयाक, मिनी ग्राउन्ड निर्माणलगायत कार्य गाउँपालिकाबाट गरिरहेको र थप केही काम जनश्रमदानमापर्नत भइरहेको छ ।

रंगशाला निर्माण आयोजनाको प्राविधिक अनुमानित लागत ३ करोड ७८ लाख १५ हजार ४ सय ८२ रुपैयाँ छ । हेटौंडा-५ को सञ्जय निर्माण सेवा प्रालिले आयोजनाको ठेक्का ३ करोड ९ लाख ५२ हजार ७ सय ५७ रुपैयाँमा ठेक्का लिएको हो ।

गाउँपालिका र निर्माण व्यवसायीबीच गत माघ ४ गते सम्झौता भएको र सम्झौताअनुसार आयोजनाको निर्माणकार्य चालु आर्थिक वर्षको माघ ३ गतेसम्मा सम्पन्न गर्नुपर्ने सबइन्जिनियर रावलले बताए । रंगशाला निर्माण कार्य करिब ८७ प्रतिशत सम्पन्न भएको र बाँकी कार्य एक महिनाभित्र सकाउने गरु काम भइरहेको निर्माण कम्पनीको दाबी छ । निर्माण सम्पन्न भएपछि रंगशालामा दुबो हाल्ने र घेराबाराका कार्य हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल. कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना